कम्पनीले यस विवरणपत्र मार्फत आफ्नो जारी पुँजी रु. ५,७७,५०,०००/– (अक्षरेपी पाँच करोड सतहत्तर लाख पचास हजार रुपैयाँ मात्र) को ४०% ले हुन आउने रु. २,३१,००,०००/– (अक्षरेपी दुई करोड एकतीस लाख रुपैयाँ मात्र) रकम बराबरको प्रति शेयर रु. १००/– अंकित दरको २,३१,००० कित्ता साधारण शेयर मध्ये ०.५०% (बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम रहेको) ले हुन आउने १,१५५ कित्ता शेयर कर्मचारीहरुलाई र ५% ले हुन आउने ११,५५० कित्ता शेयर सामूहिक लगानी कोषको लागि तथा १० प्रतिशतले हुन आउने २३,१०० कित्ता शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीहरुका लागि सुरक्षित गरी बाँकी रहने १,४५,१५५ कित्ता साधारण शेयरहरु सर्वसाधारणका लागि निष्काशन गरिनेछ । कर्मचारी, सामूहिक लगानी कोष तथा नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगारी गरिरहेका नेपालीहरुको लागि छुट्याएको शेयर बिक्री नभएमा सर्वसाधारणलाई निष्काशन गरिने शेयरमा थप गरी निष्काशन गरिनेछ ।

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम कारोबार गर्न इजाजत प्राप्त

स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेड
Swastik Laghubitta Bittiya Sanstha Ltd.

रजिष्टर्ड ठेगाना : लहान नगरपालिका वडा नं.८, सिरहा, फोन नं. ०३३-५६३०६७
इमेल: info@swastikmicrofinance.com वेबसाइट: www.swastikmicrofinance.com

आह्वान–पत्र

यो विवरण–पत्र नभई केवल आह्वान–पत्र मात्र हो ।

वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि साधारण शेयरको बिक्री खुल्ला अवधि:

निष्काशन खुल्ला मिति:	२०८२/०३/२७ गतेदेखि
निष्काशन बन्द मिति:	२०८२/०४/०५ गते (बैकिङ्ग समय पश्चात्) सम्म

दरखास्त दिनुपर्ने न्युनतम कित्ता: १० कित्ता

दरखास्त दिन पाउने अधिकतम कित्ता: ५,००० कित्ता

दरखास्त साथ प्रति साधारण शेयर अंकित मूल्य रु. १००/- का दरले शतप्रतिशत भुक्तानी माग गरिएको

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्व:विवेकले दरखास्त दिनु हुन अनुरोध गर्दछौं ।

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इक्रा नेपाल लिमिटेडबाट इस्यूर रेटिङ्ग गराई "ICRANP –[IR] B@" रेटिङ्ग प्राप्त गरेको छ । "ICRANP –[IR] B@" ले "High Risk of Default Regarding Timely Servicing of Financial Obligations" रहेको जनाउँदछ । इक्रा नेपाल लिमिटेडले NPAA (Is) देखि ICRA-NPC (Is) सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड ICRAR-NP AA(Is)" ले सकारात्मक आधार जनाउँछ भने "ICRAR-NPC (Is)" ले नकारात्मक आधारहरू जनाउँछ । सो रेटिङ्ग मिति १७ डिसेम्बर २०२४ मा प्रदान गरेको छ र सो रेटिङ्गको बहाल अवधि १६ डिसेम्बर २०२५ सम्म रहेको छ ।

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मितिः २०८२/०३/०५ कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मितिः २०८२/०३/१३
नेपाल राष्ट्र बैंकमा विवरणपत्र दर्ता भएको मितिः २०८२/०३/११ ।

(१) संस्थाको नामः **स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेड** (Swastik Laghubitta Bittiya Sanstha Limited)

(२) कुन ऐन अन्तर्गत स्थापित भएको सो कुराः
यस लघुवित्त वित्तीय संस्था कम्पनी ऐन, २०६३ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत स्थापित ।

(३) संस्थाको रजिष्टर्ड ठेगानाः
यस कम्पनीको रजिष्टर्ड कार्यालय सिरहा जिल्ला, लहान न.पा.वडा. नं. ८, मधेस प्रदेशमा रहेको छ । सम्बन्धित निकायमा आवश्यकतानुसार स्वीकृति लिई अन्य ठाउँमा पनि शाखा कार्यालय खोल्न सकिनेछ ।

(४) कारोबार गर्ने मुख्य स्थानः
यस लघुवित्त वित्तिय संस्था "घ" वर्गको प्रदेशिकस्तरको वित्तीय संस्था हो जसको कार्यक्षेत्र मधेस प्रदेश रहेको छ । यस लघुवित्त वित्तीय संस्थाको कारोबार स्थान हालसाई प्रधान कार्यालय, लहान, सिरहा तथा ईलाका, शाखा, उपशाखा देताय बमोजिम रहेको छ र आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई अन्य स्थानहरुमा समेत शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोबार गर्न सक्नेछ ।

क्र.सं.	शाखाको नाम	शाखा रहेको स्थान	क्र.सं.	शाखाको नाम	शाखा रहेको स्थान
१.	पातो शाखा	ढाक्नेश्वरी-६, सप्तरी	७.	कल्याणपुर	कल्याणपुर-११, सिराहा
२.	लालपुर शाखा	अर्नामा-१, सिराहा	८.	महेन्द्रनगर	छिरेश्वरनाथ-५, धनुषा
३.	भोटियाटोल	लहान-१२, सिराहा	९.	बर्दिबास	बर्दिवास-१४, महोत्तरी
४.	हंसपुर	हंसपुर-०५, धनुषा	१०.	रामगोपालपुर	रामगोपालपुर-५, महोत्तरी
५.	पिपरा	पिपरा-०४, महोत्तरी	११.	कात्तिबजार	गौशाला-१२, महोत्तरी
६.	धांतिबजार	सुरुङ्गा-०८, सप्तरी	१२.	देवपुरा	जनकपुर-२०, धनुषा

(५) संगठित संस्थाको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु:
स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेड कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७५/०६/२९ मा नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक कम्पनीको रुपमा दर्ता भएको हो । यस वित्तीय संस्था नेपाल राष्ट्र बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ३४ र सोही ऐनको उपदफा ३७ बमोजिम "घ" वर्गको लघुवित्त वित्तीय संस्थाको रुपमा प्रादेशिकस्तर (प्रदेश नं.२) कार्यक्षेत्र रहने गरी मिति २०७५/११/०२ मा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त गरी कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७५/१२/०५ मा वित्तीय कारोबार गर्न स्वीकृति गरी आफ्नो कारोबार गरिरहेको छ ।
यस वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको नियम ४ मा उल्लेख गरिए बमोजिम नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधिनमा रही वित्तीय कारोबार गर्ने यस वित्तीय संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ :
क) वित्तीय संस्थाको निक्षेपकर्ताको हक हितको संरक्षण र सम्वर्द्धन गर्दै स्वस्थ प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय मध्यस्थता सेवा उपलब्ध गराउने ।
ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका विकास, विस्तार, उत्पादनशिल व्यवसायको स्थापना र क्षमता एवम् उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य श्रोतबाट जुटाई देशको औद्योगिक, कृषि एवं व्यापारिक क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने ।
ग) उपलब्ध सिप, श्रम तथा पुँजीलाई उचित रुपमा परिचालन गरी ग्रामिण तथा शहरी क्षेत्रमा उत्पादन क्षेत्रमा उत्पादन एवम् प्रवर्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय श्रोत साधन, प्राविधिक तथा व्यवस्थापकिय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरीबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने ।
घ) वित्तीय सेवामा जोखिम कम गर्दै वित्तीय क्षेत्रको उदारीकरणमा मद्दत पुऱ्याई देशको सबल तथा सुदृढ अर्थतन्त्र बनाउन सहयोग पुऱ्याउने ।
ङ) देशको समग्र वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वासनीयता अभिवृद्धि गर्न सहयोग पुऱ्याउने ।

(६) पुँजी संरचना सम्बन्धी जानकारी:

क) अधिकृत, जारी तथा चुक्ता पुँजी र संस्थाको स्थापना पश्चात् सो मा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण:
अधिकृत पुँजी: कम्पनीको अधिकृत पुँजी रु.६,००,००,०००/– (अक्षरेपी छ करोड रुपैयाँ मात्र) रहेको छ । उक्त पुँजीलाई रु.१००/– का दरले ६,००,००० (छ लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।
जारी पुँजी: कम्पनीको जारी पुँजी रु ५,७७,५०,०००/– (अक्षरेपी पाँच करोड सतहत्तर लाख पचास हजार रुपैयाँ मात्र) रहेको छ । उक्त पुँजीलाई रु.१००/–का दरले ५,७७,५०० (पाँच लाख सतहत्तर हजार पाँच सय) थान शेयरमा बिभाजन गरिएको छ ।
चुक्ता पुँजी: कम्पनीले आफ्नो जारी पुँजीमध्ये २,४६,५०० थान शेयर बापतको प्रति शेयर रु. १००/- का दरले जम्मा रकम रु.३,४६,५०,०००/- (अक्षरेपी तीन करोड छयालिस लाख पचास हजार रुपैयाँ मात्र) कम्पनीको संस्थापक शेयरधनीहरुबाट चुक्ता भइसकेको र बाँकी २,३१,००० थान शेयर सार्वजनिक निष्काशनद्वारा सर्वसाधारणलाई जारी गर्नेछ ।

(७) निष्काशन पछिको चुक्ता पुँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप):
साधारण शेयर निष्काशन गरी बंटिफाँड गरे पश्चात् हुने कम्पनीको चुक्ता पुँजीको संरचना देहाय बमोजिम रहेको छ:

समूह	शेयरधनीहरु	शेयर संख्या	चुक्ता रकम (रु.)	पुँजी संरचना (%)	भुक्तानी प्रतिशत
(क)	संस्थापक शेयरधनी	२,४६,५००	२,४६,५०,०००/-	६०%	शतप्रतिशत
(ख)	सर्वसाधारण शेयरधनी (सामूहिक लगानी कोष, वैदेशिक रोजगारीमा रहेका नेपालीहरु र कर्मचारीहरु समेत)	२,३१,०००	२,३१,००,०००/-	४०%	निष्काशन पश्चात शतप्रतिशत रकम भुक्तानी हुने
	जम्मा	**५,७७,५००**	**५,७७,५०,०००/–**	**१००%**	

नोटः सर्वसाधारणहरुलाई बिक्री गरिने शेयर रकम चुक्ता हुन बाँकी रहेको छ ।

(८) सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था:
कम्पनीको नियमावलीको नियम २७(२) मा भएको व्यवस्था अनुसार कम्तीमा १ महिला सहित ७ (सात) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति रहने व्यवस्था छ । सञ्चालक समितिमा सञ्चालक सदस्यहरूको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ ।

संस्थापक समूहबाट मनोनित वा निर्वाचित सञ्चालकहरू "क"	४ जना
सर्वसाधारण समूहका शेयरधनीहरूबाट निर्वाचित सञ्चालक "ख"	२ जना
स्वतन्त्र सञ्चालक	१ जना
जम्मा	**७ जना**

कम्पनीको नियमावली नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा खरीद गरेको हुनु पर्नेछ । तर स्वतन्त्र सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन ।

(९) आधारभूत शेयरधनी/संस्थापक/सञ्चालक सम्बन्धी जानकारी:

आधारभूत शेयरधनीको विवरण:

क्र. सं.	नाम/ठेगाना	पद	उमेर	राष्ट्रियता	शेयर स्वामित्व	शेयर स्वामित्व प्रतिशत	शैक्षिक योग्यता	अनुभव (सम्बन्धित लघुवित्त क्षेत्रको)	अनुभव (अन्य क्षेत्रको)
१	सत्य नारायण झा सम्सी ५, महोत्तरी	अध्यक्ष	५५	नेपाली	९०,०००	२५.९७%	एम.ए.	विगत ५ वर्ष देखि लघुवित्तको सञ्चालक अध्यक्ष	बीमा व्यवसाय
२	हिरा घिमिरे बेगाडावर ९, धनुषा	संस्थापक	४३	नेपाली	४८,०००	१२.८५%	आई.ए.	विगत ५ वर्ष देखि लघुवित्तको संस्थापक	सहकारी कर्मि
३	कृशेश्वर यादव सखुवा नन्कार कट्टी १, सिरहा	सञ्चालक	४८	नेपाली	१५,०००	४.३३%	बी.एस्सी.	विगत ५ वर्ष देखि लघुवित्तको संस्थापक	शिक्षण
४	राम बहादुर यादव जिभौल ७, सिरहा	संस्थापक	४९	नेपाली	८,५००	२.४५%	एम.बी.ए.	विगत ९ वर्ष देखि लघुवित्तको प्र.का.अ.	लघुवित्त
५	सुष्मा कुमारी यादव सितापुर ८, सिरहा	संस्थापक	४१	नेपाली	१५,०००	४.३३%	एस.एल.सी	विगत ५ वर्ष देखि लघुवित्तको संस्थापक	व्यापार व्यवसाय
६	डा.प्रमोद कुमार झा मत्सरी रौतहट ५, रौतहट	सञ्चालक	६७	नेपाली	९,०००	२.६०%	एम.डि	विगत ५ वर्ष देखि लघुवित्तको सञ्चालक	मेडिकल डाक्टर
७	अलखनारायण मिश्र मौवाहा १, सप्तरी	संस्थापक	५६	नेपाली	९,०००	२.६०%	एम.ए	विगत ५ वर्ष देखि लघुवित्तको संस्थापक	शिक्षण
८	रवि सेन साह लहान ७, सिरहा	संस्थापक	३५	नेपाली	११,५००	३.३२%	एम.बी.ए.	विगत ५ वर्ष देखि लघुवित्तको संस्थापक	व्यापार व्यवसाय
९	सुधान्सु शेखर झा मौवाहा १, सप्तरी	सञ्चालक	५४	नेपाली	६,०००	१.७३%	बी.एस्सी.	विगत ५ वर्ष देखि लघुवित्तको सञ्चालक	मार्केटिङ व्यवसाय
१०	सरोज कुमारी झा जनकपुर-४, धनुषा	संस्थापक	४१	नेपाली	९३,०००	२६.८४%	आई.ए.	विगत १० वर्ष देखि बिमा एजेन्टको रुपमा कार्यरत	-
११	मनिष दाहाल महाङ्काल-४, ललितपुर	संस्थापक	३१	नेपाली	७,०००	२.०२%	स्नातक	-	व्यापार व्यवसाय
१२	तोयानाथ पोखरेल सुरुङ्गा-२, सप्तरी	संस्थापक	४०	नेपाली	४,५००	१.३०%	स्नातक	विगत १६ वर्ष देखि वित्तीय संस्थामा आवद्ध	-

सञ्चालकहरूको विवरण:

क्र. सं.	नाम/ठेगाना	पद	उमेर	राष्ट्रियता	शेयर स्वामित्व	शेयर स्वामित्व प्रतिशत	शैक्षिक योग्यता	प्रस्तावित व्यापार/व्यवसाय	अन्य कार्य अनुभव
१	सत्य नारायण झा सम्सी ५, महोत्तरी	अध्यक्ष	५५	नेपाली	९०,०००	२५.९७%	एम.ए.	- मितिः २०७५/०६/२९ देखि हाल सम्म यस वित्तीय संस्थाको अध्यक्ष - मितिः २०६४/०८/०१ देखि हाल सम्म एल. आई. सि. (नेपाल) को बीमा अभिकर्ता भई कार्यरत	बीमा व्यवसाय
२	डा.प्रमोद कुमार झा मत्सरी रौतहट ५, रौतहट	सञ्चालक	६७	नेपाली	९,०००	२.६०%	एम.डि	- मितिः २०७५/०६/२९ देखि हाल सम्म यस वित्तीय संस्थाको सञ्चालक - मितिः २०५६/०६/१२ देखि २०६७/०८/२४ सम्म लालगढ़ अस्पतालमा चर्म रोग चिकित्सक भई कार्य गरेको । - हाल निजी क्लिनिक सञ्चालन गरिरहेको ।	मेडिकल डाक्टर
३	सुधान्सु शेखर झा मौवाहा १, सप्तरी	सञ्चालक	५४	नेपाली	६,०००	१.७३%	बी.एस्सी.	- मितिः २०७५/०६/२९ देखि हाल सम्म यस वित्तीय संस्थाको सञ्चालक - मितिः २०५०/०२/०१ देखि २०५३/०३/१० सम्म हिमालयन कध्या उद्योग मिचैया मार्केटिङ को कार्य गरेको - २०५७/०५/०१ देखि २०७७/०२/१५ सम्म मनोज एण्ड पवन ट्रेडर्स लहानमा मार्केटिङ म्यानेजरको रुपमा कार्य गरेको - २०७९/०३/०१ देखि हाल सम्म रिजाल फुड एण्ड वेभरेज प्रा.लि. मा मार्केटिङ म्यानेजरको रुपमा कार्य गरेको ।	मार्केटिङ व्यवसाय
४	कृशेश्वर यादव सखुवा नन्कार कट्टी १, सिरहा	सञ्चालक	४८	नेपाली	१५,०००	४.३३%	बी.एस्सी.	- मितिः २०८१/१२/१० देखि हाल सम्म यस वित्तीय संस्थाको सञ्चालक - मितिः २०६५/०४/०१ देखि हाल सम्म श्री जन प्रभात माध्यामिक विद्यालय, दौलतपुर सप्तरीमा शिक्षण गरिरहेको ।	शिक्षण
५	विनोदानन्द झा मौवाहा-०१, सप्तरी	स्वतन्त्र सञ्चालक	५९	नेपाली	-	-	एम.बी.एस.	- मितिः २०८०/०२/०९ देखि हाल सम्म यस वित्तीय संस्थाको स्वतन्त्र सञ्चालक - मितिः २०५२/११/२५ देखि २०८०/१०/१७ गते सम्म जागेश्वर गरडाई जनता मा.वि. स्कुल, सप्तरीमा शिक्षण गरी अवकाश प्राप्त	शिक्षण

कम्पनीका सञ्चालकहरुको साझेदारमा सञ्चालकहरुबाट सूचिकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ अनुसारका प्रावधानहरु तथा कम्पनी ऐन, २०६३ को दफा ८९ को उपदफा (१) छ मा उल्लेखित प्रावधानहरुको पूर्ण रुपमा पालना भएको छ । साथै, कम्पनीका सञ्चालकहरु अन्य समान उद्देश्य भएका कम्पनीमा सञ्चालक नरहेको र यस कम्पनीबाट निजहरुले कुनै प्रकारको आर्थिक सुविधा नलिएको ।

(१०) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :

क्र. सं.	उच्च व्यवस्थापकको नाम	पद	योग्यता	नियुक्ति मिति	कार्यानुभव	शेयर संख्या	अन्य सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी भए संगठित संस्थाको नाम र लगानी गरेको रकम :
१.	श्री धिरेन्द्र लाल कर्ण	प्रमुख कार्यकारी अधिकृत	स्नातक	२०७८/१०/०१	विगत १४ वर्ष देखि लघुवित्त क्षेत्रमा कार्यरत	-	सो नभएको ।
२.	श्री तोयानाथ पोखरेल	नायब प्रबन्धक	स्नातक	२०८०/०८/१२	विगत ५ वर्ष देखि लघुवित्त क्षेत्रमा कार्यरत	-	सो नभएको ।
३.	श्री गणेश गुरुङ	अधिकृत (लेखापरिक्षण विभाग प्रमुख)	स्नातक	२०७७/०१/२३	विगत १६ वर्ष देखि वित्तीय क्षेत्रमा लेखापरिक्षको रुपमा कार्यरत	-	सो नभएको ।

(११) सीमित दायित्व सम्बन्धी विवरण:
यस कम्पनी प्रचलित कम्पनी कानून अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरधनीहरुको दायित्व सीमित छ । यस कम्पनीको शेयरधनीको दायित्व निजले खरीद गरेको वा खरीद गर्न कबुल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

(१२) सकारात्मक पक्षहरु :
- लघुवित्त क्षेत्रका अनुभवी तथा दक्ष व्यक्तिहरुद्वारा स्थापित भएकोले यस लघुवित्त वित्तीय संस्थाको व्यवस्थापन सक्षम तथा प्रभावकारी भएको ।
- हालको कार्यक्षेत्र तथा जनसमुदायमा वित्तीय संस्थाको राम्रो छवी निर्माण भएको ।
- उचित समूह निर्माण नीति अवलम्बन गर्दै कर्जा तथा लगानीको गुणस्तरको स्तरलाई प्राथमिकता दिइएको ।
- वित्तीय संस्थाको सञ्चालक समिति र व्यवस्थापनमा रहेको अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा स्थानीय स्तरको ज्ञान र अनुभव भएको ।
- नीतिगत पारदर्शिता र बलियो संस्थागत सुशासन ।
- हाल कार्यक्षेत्र तथा जनसमुदायमा वित्तीय संस्थाको राम्रो छवी निर्माण भएको ।

(१३) धितोपत्र जारी गर्नुको उद्देश्य:
१) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुरुप वित्तीय संस्थाको जारी पुँजीको कम्तिमा ३०% शेयर सर्वसाधारणमा बिक्री गर्नु पर्ने व्यवस्था भएकोले सोही बमोजिम वित्तीय संस्थाको प्रबन्धपत्रमा जारी पुँजीको ४०% शेयर सर्वसाधारणमा बिक्री गर्नु पर्ने व्यवस्था भए अनुरुप जारी पुँजीको ४०% अर्थात रु. २,३१,००,०००/– रकम बराबरको प्रति शेयर रु.१००/– दरको २,३१,००० कित्ता साधारण शेयरहरु सर्वसाधारण नेपाली नागरिकहरु (सामूहिक लगानी कोष, कर्मचारीहरु तथा नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीहरुका लागि समेत) लाई बिक्री वितरण गरी वित्तीय संस्थाको सञ्चालनमा सर्वसाधारणहरुलाई समेत संलग्न गराउन ।
२) वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पुँजी संकलन गर्न ।
३) वित्तीय संस्थाले आफ्नो सेवा विस्तार गर्न क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पुँजीको व्यवस्था गर्न ।

(१४) सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा संचालन अवधिभरको लेखापरीक्षण भएको नाफा नोक्सान, वासलात सहितको संक्षिप्त वित्तीय विवरण:

वासलात (नेपाल लेखापरीक्षणमान–NAS बमोजिम)

(रु. हजारमा)

विवरण	आ.व २०७८/७९
पुँजी तथा दायित्व	
शेयर पुँजी	३४,६५०.००
Calls in advance	–
जगेडा तथा कोषहरु	१९,५००.३६
ऋणपत्र तथा बण्ड	–
तिर्न बाँकी कर्जा सापट	४७२,२५३.९५
निक्षेप दायित्व	१९०,०१०.८४
प्रस्तावित नगद लाभांश	–
आयकर दायित्व	–
अन्य दायित्व	२२,००४.८५
ऋण प्रावधान	–
कुल पुँजी तथा दायित्व	**७३८,४२०.०१**
सम्पत्ति	–
नगद मौज्दात (सिक्का समेत)	५५.७३
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	–
बैंक/वित्तीय संस्थामा रहेको मौज्दात	४१,९१६.८७
माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	–
लगानी	–
कर्जा सापट	६८५,४४७.२६
स्थिर सम्पत्ति	३,३८२.४४
गैर बैंकिङ्ग सम्पत्ति	–
अन्य सम्पत्ति	८,०१७.७२
कुल सम्पत्ति	**७३८,४२०.०१**

वासलात (नेपाल वित्तीय प्रतिवेदनमान–NFRS बमोजिम)

(रु. हजारमा)

विवरण	आ.व. २०८०/८१	आ.व. २०७९/८०	अपरिष्कृत आ.व २०८१/८२ चैत्र मसान्तसम्म
सम्पत्ति			
नगद तथा नगद सरह	२४,०८०.००	१७,३२८.१३	४०,३५९.६१
नेपाल राष्ट्र बैंकबाट वैधानिक मौज्दात र बक्यौता	३,०००.००	२,३५०.००	३,२००.००
बैंक र वित्तीय संस्थामा रहेको मौज्दात	–	–	–
व्यूत्पन्न (डेरिभेटिभ) वित्तीय उपकरण	–	–	–
अन्य व्यापारिक सम्पत्ति	–	–	–
लघुवित्त सस्था र सहकारीसाई प्रवाह गरेको ऋण तथा अग्रिम	–	–	–
ग्राहकसाई प्रवाह गरेको ऋण तथा अग्रिम	५७६,४२८.६०	५०३,२२२.९९	६३०,५९६.२१
लगानी उपकरण	–	–	७५.००
चालु कर सम्पत्ति	१,१९९.८३	१,८६५.६४	–
सम्पत्तिमा लगानी	–	–	–
सम्पत्ति तथा उपकरण	४,८५६.७३	२,३१५.४९	४,८९३.२०
गुद्विल अमृत सम्पत्ति	८५५.८८	५६९.४९	७४०.०९
स्थगन कर सम्पत्ति	१,२०२.४३	–	१,२०२.४३
अन्य सम्पत्ति	१,५१३.२४	१,०२६.५९	२,७०७.६२
जम्मा सम्पत्ति	**६१३,१३६.७२**	**५२८,६७८.३२**	**६८४,४४९.१५**
दायित्व		–	
बैंक तथा वित्तीय संस्थासाई तिर्न बाँकी रकम	–	–	–
नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी रकम	–	–	–
व्यूत्पन्न (डेरिभेटिभ) वित्तीय उपकरण	–	–	–
ग्राहकहरुको निक्षेप	९२,१४४.७६	१२४,३३४.८७	९७,८६२
सापटी	४४५,७४०.९२	३३२,९९६.१५	५०५,२३३
चालुकर दायित्व	–	–	१,७२७
व्यवस्थाहरु	–	–	–
स्थगन कर दायित्व	–	४९२.१०	–
अन्य दायित्वहरु	१५,७३०.३५	७,८६१.७६	१३,३०६.८२
जारी गरिएको ऋणपत्र	–	–	–
अन्य दायित्व	–	–	–
जम्मा दायित्व	**५५३,६१६.०३**	**४६६,६८४.८८**	**६१८,१२८.४४**
पुँजी		–	
शेयर पुँजी	३४,६५०.००	३४,६५०.००	३४,६५०.००
शेयर प्रिमियम	–	–	–
सञ्चित मुनाफा	४,४६४.५४	१३,५१८.१३	४,९८६.०१
जगेडा तथा कोषहरु	२०,४०६.१५	१३,८२५.३१	२६,६८४.७०
बैंकको शेयरधनीहरुको कूल पुँजी	**५९,५२०.६९**	**६१,९९३.४४**	–
कूल पुँजी	**५९,५२०.६९**	**६१,९९३.४४**	**६६,३२०.७१**
कूल पुँजी तथा दायित्व	**६१३,१३६.७२**	**५२८,६७८.३२**	**६८४,४४९.१५**

नाफा नोक्सान हिसाब (नेपाल लेखापरीक्षणमान–NAS बमोजिम)

(रु. हजारमा)

विवरण	आ.व. २०८०/८१	आ.व. २०७९/८०	अपरिष्कृत आ.व २०८१/८२ चैत्र मसान्तसम्म
ब्याज आम्दानी	७९,७७०.७२	८५,१२३.६५	२२,६६३.२१
ब्याज खर्च	(५८,२४३.३२)	५९,०४८.२५	(११,८५४.७१)
खुद ब्याज आम्दानी	**२१,५२७.४०**	**२६,०७५.३९**	**१०,८०८.५१**
शुल्क तथा कमिशन आम्दानी	८,९४६.३०	१०,१६०.८९	१,८४२.५१
शुल्क तथा कमिशन खर्च	(१,०५४.०१)	(१,९५६.२६)	(२२३.१६)
खुद शुल्क र कमिशन आम्दानी	**७,८९२.२९**	**८,२०४.३३**	**१,६१९.३५**
खुद ब्याज र कमिशन आम्दानी	**२९,४१९.६९**	**३४,२७९.७३**	**१२,४२७.८६**
खुद व्यापारिक आम्दानी	–	–	–
अन्य सञ्चालन आम्दानी	–	–	१५,७.०८
कूल सञ्चालन आम्दानी	**२९,४१९.६९**	**३४,२७९.७३**	**१२,५८४.९४**
कर्जा तथा अन्य नोक्सानीको लागि व्यवस्था/(फिर्ता)	३,७८२.२५	(८२३.०३)	(४३.८७)
खुद ब्याज आम्दानी	**२५,६३७.४३**	**३५,१०२.७६**	**१२,५४१.०७**
सञ्चालन खर्च			
कर्मचारी खर्च	(२०,३८४.९७)	(२०,८६९.५७)	(६,७४४.८७)
अन्य सञ्चालन खर्च	(५,१६६.०६)	(८,०३०.६३)	(१,८०२.८१)
ह्रासकट्टी र परिशोधन	(२,४६७.०४)	(१,०२९.२७)	(३६६.६६)
सञ्चालन मुनाफा	**(२,३८०.६५)**	**५,१७३.२९**	**३,६२६.७३**
गैर सञ्चालन आम्दानी	–	–	–
गैर सञ्चालन खर्च	–	–	–
आयकर अघिको मुनाफा	**(२,३८०.६५)**	**५,१७३.२९**	**३,६२६.७३**
आयकर खर्च	**(१,००२.७७)**	**१,५६८.३५**	**१,०८८.०२**
चालु कर	६९१.७६	२,१७१.१४	१,०८८.०२
स्थगन कर खर्च/आम्दानी	(१,६९४.५३)	(६०२.७९)	–
यस वर्षको मुनाफा	**(१,३७७.८८)**	**३,६०४.९४**	**२,५३८.७२**
मुनाफा बाँडफाँड :		–	
बैंकका शेयरधनीहरु	(१,३७७.८८)	३,६०४.९४	
गैर नियन्त्रित ब्याज	–	–	
यस अवधिको मुनाफा	**(१,३७७.८८)**	**३,६०४.९४**	
प्रति शेयर आम्दानी			**२९.७१**
Basic प्रति शेयर आम्दानी	(३.९८)	१०.४०	२९.७१

वासलात

(रु. हजारमा)

विवरण	प्रक्षेपित		
	आ.व. २०८१/८२	आ.व. २०८२/८३	आ.व. २०८३/८४
सम्पत्ति			
नगद तथा नगद सरह	६१,०३३.७४	३४,८४८.५४	२८,३१९.५६
नेपाल राष्ट्र बैंकबाट वैधानिक मौज्दात र बक्यौता	३,२२०.००	३,२२०.००	३,४००.००
बैंक र वित्तीय संस्थामा